संविधानसभाका लागि अमेरिकी सरकारको सहयोगको सारांश

महिला संविधानसभा सदस्यहरूका लागि तालिम

नेशनल डेमोक्राटिक इन्स्टिच्युट (NDI) ले चार मुख्य अवयवहरूसहितको कार्यक्रम कार्यान्वयन गर्दैछ - महिला नेतृहरूका लागि महिला नेतृत्व प्रतिष्ठानको स्थापना, महिला संविधानसभा सदस्यहरूका लागि आफ्ना निर्वाचन क्षेत्रमा अन्तरक्रिया गर्नका लागि सामूदायिक छलफल कार्यक्रमहरू, निर्वाचन क्षेत्रमा सेवा प्रदान गर्नका लागि महिला संविधानसभा सदस्यहरूसँग सहकार्य, तथा विभिन्न जिल्लामा उनीहरूको पहुँच बढाउनका लागि अन्तरपार्टी महिला गठबन्धनसँग सहकार्य । महिला नेतृत्व प्रतिष्ठानले भाद्र दोस्रो सातादेखि संविधानसभा सदस्यहरूका लागि तालिम सञ्चालन गर्दैछ ।

संविधानसभाका लागि सञ्चारसम्बन्धी सहयोग

यसअन्तर्गत तीन अवयव छन् : संचार स्रोत केन्द्रको स्थापना, पत्रकार सम्मेलन हलको स्थापना, तथा आन्तरिक प्रसारण प्रणालीको स्थापना । संविधानसभामा मुख्य सम्पर्क व्यक्ति व्यवस्थापिका-संसदको कार्यकारी महासचिव मनोहरप्रसाद भट्टराई हुनुहुन्छ ।

संवैधानिक विकासमा सहयोग

१. विस्तृत शान्ति सम्झौताका सहमतिहरू प्रतिविम्बित हुनेगरी संविधान निर्माणका लागि संविधानसभालाई सहयोग । यसअन्तर्गत संघीय प्रणाली अपनाएका देशहरूबाट लिइएका मोडलहरूको जानकारी तथा राजनैतिक पार्टीका नेताहरू, सरकारी अधिकारीहरू, र नागरिक समाजका अगुवाहरूलाई सफल संविधान लेखनका रणनीतिको निर्माण गर्न सहयोग गर्ने रहेकाछन् ।

२. संविधानसभालाई संविधान निर्माणमा निम्नानुसार सहयोग : (क) सुसूचित तथा प्राविधिक हिसाबले उपयुक्त छलफलहरू सञ्चालनमा सहयोग पुऱ्याउनका लागि संविधानसभा सचिवालयभित्र क्षमता अभिबृद्धि गर्ने, र (ख) संविधानसभा सदस्यहरूलाई नेपाली राज्यको पुनर्संरचनासम्बन्धी विकल्पहरूको जानकारी गराउने । यो सहयोग निम्नानुसार उपलब्ध गराईंदैछ : संविधानसभा कार्यविधि निर्देशिकाको निर्माण, संविधान लेखनका उपसमितिहरूका लागि सहयोग एकाइहरूको स्थापना, पुनर्संरचनासम्बन्धी विषयहरूमा विश्लेषणात्मक नीतिगत टिप्पणीहरू निर्माण गर्ने, तथा संविधानसभाका नयाँ सदस्यहरूका लागि कार्यविधीय तालिम तथा विषयगत कार्यशालाहरूको सञ्चालन ।

संवैधानिक विकासमा युवा सहभागिता

नेपालको संवैधानिक विकास तथा लोकतान्त्रिक प्रक्रियामा युवा सहभागितालाई प्रोत्साहित गर्न विद्यार्थीलाई नागरिक-शिक्षा तथा नेतृत्व तालिम, युवा-पत्रिका प्रकाशन, तथा राष्ट्रिय युवा संविधानसभा र युवा महासंघको स्थापना जस्ता प्रयास भइरहेको छ ।

लोकतान्त्रिक र कानुनी सुधारका लागि स्थानीयस्तरमा सहयोग

संविधानलेखन जस्तो सुधार प्रक्रियाको अभिन्न अंगका रूपमा समुदायको तल्लो तहसम्मको सहभागिता सुनिश्चित गर्नका लागि गोलमेच, जनसम्पर्क तथा मिडिया गतिविधि जस्ता कार्यक्रमहरूमार्फत समुदायस्तरमा सुसूचित नागरिक संजालको निर्माणका लागि सहयोग ।

सहयोग योजना

तालिम तथा प्राविधिक सहयोग

USAID ले संविधानसभा तथा नेपाल सरकारका सम्बन्धित निकायहरूलाई लक्षित प्राविधिक सहयोग उपलब्ध गराउनका लागि तीव्र कार्यवाही संरचनाको निर्माण गर्दैछ ।